**पनौती नगरपालिका कार्यालय**

**पनौती, काभ्रेपलाञ्चोक**

**नक्सापास इजाजत–पत्रको लागि प्राविधिकहरु सूचिकृत गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति :– २०७२/०५/०३)

यस पनौती नगरपालिका क्षेत्रभित्र निर्माण गरिने विभिन्न संरचनाहरु राष्ट्रिय भवन संहिता, २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ एवं नगरपालिकाले निर्धारण गरेको निर्माण सम्बन्धी मापदण्डसँग मेल खानेगरी नक्सा तयार गर्ने कार्य इजाजत–पत्र प्राप्त व्यक्ति वा फर्ममार्फत मात्र गराइने भएको हुँदा उक्त पत्र लिन इच्छुक नेपाल इन्जिनियरिङ्ग काउन्सीलमा दर्ता भएका इन्जिनियर, आर्किटेक तथा इन्जिनीयरिङ्ग फर्म, कम्पनीहरुलाई आफ्नो नामसहितको विवरण यस कार्यालयमा सूचीकृतका लागि प्रथम पटक सूचना प्रकाशत भएको मितिले १५ दिनभित्र निम्न अनुसारका प्रमाणित कागजातहरुको छायाँकपी संलग्न राखि दरखास्त आव्हान गरिन्छ।

१. व्यक्तिको नाम भए शैक्षिक योग्यताको प्रमाणपत्रहरु र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँकपी
२. इन्जिनीयरिङ्ग फर्म, कम्पनीको नाममा भए अद्यावधिक नविकरण गरिएको फर्मको दर्ता, आयकर तथा मु.अ. कर दर्ताको प्रमाणपत्रको छायाँकपी, करचुक्ता प्रमाणपत्रको छायाँकपी, कम्पनी प्रोफइल(नेपाल इन्जिनियरिङ्ग काउन्सीलमा दर्ता भएका इन्जिनियर/आर्किटेक अनिवार्य हुनु पर्ने)
३. दुई प्रति पासपोर्ट साइजको फोटो (इन्जिनीयरिङ्ग फर्म, कम्पनीको नाममा भए अख्तियार वाला र प्राविधिकको, दुवै एकै भए एक जनाको मात्र)
४. नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाणपत्रको छाँयाकपी (व्यक्ति र फर्म दुवै)

**अन्य जानकारी**

१. बहालवाला कर्मचारीहरुले दरखास्त फारामसाथ विभागीय स्वीकृतीको पत्र पेश गर्नुपर्नेछ।
२. म्याद नाघि पेश भएको, आवश्यक प्रमाणपत्रको छायाँप्रति संलग्न नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।
३. प्राप्त भएका दरखास्त बमोजिमका फर्म, व्यक्ति वा कम्पनीलाई सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
४. सूचिकृत भएका फर्म, व्यक्ति वा कम्पनीले स्वीकृत नर्मस् बमोजिम कार्य नगरेमा सूचिकृतबाट हटाउन सकिनेछ र सो उपर कुनै दावी विरोध गर्न पाइने छैन।
५. आ. व. २०७२/०७३ लागि मात्र यो सूचिकृत मान्य हुनेछ।

यस सम्बन्धी अन्य थप जानकारीको लागि यस कार्यालयको शहरी विकास तथा योजना शाखामा सम्पर्क राख्न सकिनेछ।